प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १, विराटनगर

सम्पर्क नम्बरः
०२१-४६००७८
०२१-४६०२२४
०२१-४६०४४६

पत्र संख्याः ०७७/७८
चलानी नं.

मितिः २०७८-०५-२५

**दक्ष/विज्ञको सुची (Roster) नाम समावेश गर्ने सम्बन्धमा**

प्रकाशित मितिः २०७८/०५/२५

यस मन्त्रालय अन्तर्गत पर्यटन विकास आयोजना, विराटनगरको कार्यक्षेत्र रहेका १४ वटै जिल्लामा आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गर्न तपशिल बमोजिमका विशेषज्ञ सेवाहरु आवश्यक पर्ने भएकोले आयोजनालाई आवश्यक परेको अवस्थामा सेवा लिने प्रयोजनका लागि सम्बन्धित विषयका विशेषज्ञहरुको सूची अद्यावधिक गर्ने कार्य भैरहेको छ। उक्त सूचिमा नाम समावेश गर्न इच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको ७ दिन भित्र दक्ष/विज्ञहरुको सूचीमा नाम समावेश गर्न निवेदन, व्यक्तिगत विवरण(CV) र आवश्यक कागजात सहित विद्युतीय पत्राचार गर्ने आधिकारीक ठेगाना moitfepradesh1@gmail.com र tdp.provinceno1@gmail.com वा यस मन्त्रालयमा आई पुग्ने गरी पठाउनुहुन अनुरोध छ।

तपशिलः

| सि.नं. | सेवा प्रदान गर्नुपर्ने पदको विवरण | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|
| १ | इन्जिनियर / सव-इन्जिनियर | B.E. Civil / Diploma in Civil Engineering |

१. निवेदकले कार्यालय समय भित्र (बिहान १० बजे देखी अपरान्न ५ बजे सम्म) तोकिए बमोजिमको सेवा प्रवाह गर्नका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु र नेपाली नागरिकताको छायाँप्रति आफैले प्रमाणित गरी बायोडाटा सहित निवेदन पेश गर्नु पर्नेछ।

२. निवेदन पेश गर्दा हुलाक मार्फत Registry गरेर वा आधिकारिक इमेल moitfepradesh1@gmail.com र tdp.provinceno1@gmail.com मार्फत पनि पेश गर्न सकिनेछ। तर, म्याद समाप्त भएपछि प्राप्त निवेदन उपर कारवाही गरिने छैन।

३. मौजुदा सूचीका लागि छनौट भएका विज्ञ/सेवा प्रदायक व्यक्तिको नामावली website: moitfe.p1.gov.np मा प्रकाशन गरिनेछ।

४. मौजुदा सूची मध्येबाट सेवा प्रवाह, अनुभव, विशेषज्ञता लगायतका आधारमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ/सेवा प्रदायक व्यक्तिसँग सम्झौता गरी सेवा लिन सकिनेछ।

५. सुचीकृत भएकै आधारमा करार गरी काम गर्ने कुनै दावी पेश गर्न पाइने छैन।

६. छनौट भएको विज्ञ / सेवा प्रदायक व्यक्तिले यस मन्त्रालय अन्तर्गत पर्यटन विकास आयोजनाको कार्यक्षेत्र रहेका १४ वटै जिल्लामा सेवा प्रवाह गर्नु पर्नेछ।

७. सेवा सुविधा यस मन्त्रालय अन्तर्गत रहेको पर्यटन विकास आयोजनाले तोके बमोजिम हुनेछ।


सम्पर्कको लागिः
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १, विराटनगर
इमेलः moitfepradesh1@gmail.com


सन्जीव कुमार राई
प्रदेश सचिव